## प्रभावकारिता नाप्नु

म तपाईंलाई एउटा प्रश्न सोध्छु। तपाईं सेवकाईमा विजय पाउँदै हुनुहुन्छ कि हुनुहुन्न भनेर कसरी थाहा पाउने? तपाईं सफल बन्दै हुनुहुन्छ भनेर कसरी थाहा पाउने?

पवित्र आत्माको अगुवाइमा खीष्टले हामीलाई दिनुभएको दिमाग प्रयोग गरेर हामीले खम्बाहरू पाठ्यक्रममा हाम्रो प्रभावकारिता नाप्नु महत्त्वपूर्ण छ र उहाँले हामीलाई हाम्रा कार्यक्रमहरू योजना बनाउन दिनुभएको दिमागले उद्देश्यसहित र बुद्धिमान् हुनु महत्त्वपूर्ण छ, ताकि हामी सेवकाईमा सफल, प्रभावकारी, फलदायी हुन सकौं। त्यसैले हाम्रो प्रभावकारिता मापन गर्ने यो विषय, हामी प्रभावकारी छौं भनेर जान्न र हामी कसरी प्रभावकारी छौं भनेर नाप्न सक्षम हुनु अति नै महत्त्वपूर्ण छ, किनकि यसले हामीलाई इमानदार आज्ञापालन गर्ने दिशानिर्देशन दिन्छ। कहिलेकहीं म अगुवाहरूसँग कुराकानी गर्नेछु र तिनीहरूले भन्नेछन्, "ठीक छ, म मेरो प्रभावकारिता नाप्दिनँ। म केवल परमेश्वरले मलाई भन्नुभएको कुराप्रति विश्वासयोग्य हुनेछु।" तिनीहरू के भनिरहेका छन् त्यो म बुझ्छु, तर मलाई लाग्छ, हाम्रो प्रभावकारिता नापेर हामी परमेश्वरले हामीलाई बोलाउनुभएको कामप्रति अझ बढी विश्वासयोग्य, अझ बढी आज्ञाकारी हुन सक्छौं। सामान्यतया, आफ्नो सेवकाईको मूल्याङ्कन गर्ने दुई सरल तरिकाहरू छन्। एउटा धेरै औपचारिक छ र अर्को धेरै अनौपचारिक तरिका छ। ती दुवै महत्त्वपूर्ण छन्। ती दुवै एक प्रकारले आवश्यक छन्। औपचारिक तरिका भनेको चाहिँ त्यो हो जब तपाईंले सर्वेक्षण गर्नुहुन्छ। तपाईं प्रश्नहरू सोध्नुहुन्छ। त्यो नाप्न तपाईं १ देखि १० को मापक्रममा तथ्याङ्क प्राप्त गर्नुहुन्छ। तपाईं आफ्नो कार्यक्रममा, तपाईंको आइतबारका सेवाहरूमा, वा तपाईंका ससाना झुण्डहरूमा, वा तपाईंले गरिरहनुभएको कुनै पनि प्रकारको सेवकाईमा मानिसहरूको उपस्थिति(हाजिरी) लिनुहुन्छ। तपाईं आफ्नो बजेट हेर्नुहुन्छ र तपाईंको पैसा कति बढछ वा घटछ सो नाप्नुहुन्छ। ती परिमाणात्मक तथ्याङ्कका औपचारिक तरिकाहरू हुन् जसले तपाईंलाई बुझ्न सहायता गर्दछ। त्यसपछि एउटा अनौपचारिक तरिका छ। अनौपचारिक तरिका संख्याहरूमा आधारित हुँदैन।

अनौपचारिक तरिका भनेको त्यो हो जब तपाईं मानिसहरूसँग कुराकानी गर्नुहुन्छ, सबैसँग होइन, तर तपाईं कसैसँग कुरा गर्नुहुन्छ, र तपाईंले तिनीहरूलाई केही प्रश्नहरू सोध्नुहुन्छ, र तपाईं तिनीहरूका कुरा सुन्नुहुन्छ, र तपाईंले तिनीहरूका कथा बुझ्नुहुन्छ, जसले तपाईं कहाँ हुनुहुन्छ भन्ने अरू कथाहरू प्रकट गर्न सक्छ। तपाईंको सेवकाईले लक्षित गरेका समूहहरूको प्रतिनिधित्व गर्ने व्यक्तिहरूका कुराहरू सुनेर तपाईं आफ्नो प्रभावकारिता नाप्न सक्नुहुन्छ। औपचारिक र अनौपचारिक तरिकाहरू हाम्रो प्रभावकारिता नाप्ने धेरै महत्त्वपूर्ण प्रक्रियाहरू हुन्। वास्तवमा विशेष रूपमा हामी के नापिरहेका छौं भन्ने कुरा महत्त्वपूर्ण हुन्छ।

धेरै वटा सेवकाईहरूमा दुई वा तीनवटा कुराहरू मात्र नाप्ने गरिएको मैले थाहा पाएको छु, तर वास्तवमा बाइबलले भने हामीलाई परमेश्वरको भलाइ, परमेश्वरको फलदायीपन र हाम्रो योजनाका लागि विकासको अर्को चरणलाई प्रभावकारी रूपमा नाप्न सक्षम हुनलाई धेरै लामो सूची दिन्छ। १ कोरिन्थी ९ अध्यायमा हामीलाई विजय प्राप्त गर्न अभ्यास गरिरहेको एक खेलाडीको नमुना दिइएको छ। मेरो विचारमा यस नमुनामा हामीलाई सातवटा क्षेत्र दिइएको छ, जुन हामीले प्रभावकारी रूपमा नाप्नु आवश्यक छ, जसद्वारा हामी परमेश्वरको फलदायीपन देख्न सक्छौं र हामी साँच्चै त्यसलाई व्यवस्थित गर्न र अगाडि बढ्न सक्छौं। यो १ कोरिन्थी ९:२४ मा सुरु हुन्छ। यो त्यस्तो धावकको उपमा हो, जसले जित्नका लागि तयारी गर्दै र दगुरिरहेको हुन्छ, जसरी तपाईं सेवकाईका एक अगुवाको रूपमा प्रभुका निम्ति सफल हुनलाई तपाईंको सेवकाईमा सेवा र नेतृत्व गर्नुहुन्छ। पहिलो क्षेत्र पद २४ मा छ।

पावल लेख्छन्, "के तिमीहरूलाई थाहा छैन, दौडमा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड।" निश्चय, तपाईंले नाप्ने कुराहरूमध्ये एउटा धेरै महत्त्वपूर्ण सफलता हो। जुन त्यो दर्शनका वास्तविक परिणामहरू हुन्।

के यो हामीले विश्वास गरेका तरिकाले बढ्यो? के यो कसरी बढ्नुपर्छ भनी हामीले देखेका दर्शनअनुसार बढ्यो? तपाईंले ती विकासका प्रवाहहरूको जानकारी लिनुपर्छ। अब, महत्त्वपूर्ण कुरा यहाँ छ। यसलाई हलुका रूपमा नहेर्ने, तर यसलाई अझ ठूलो,गहिरो रूपमा हेर्ने निश्चित गर्नुहोस्। त्यहाँ मैले चिनेको एउटा मण्डली थियो, र तिनीहरूले मण्डलीमा मानिसहरूको उपस्थिति जानकारी राख्ने गर्थे, जुन राम्रो कुरा थियो। तिनीहरूले भन्न सक्थे, "तपाईंलाई थाहा छ, विगत वर्षदेखि यस वर्षसम्म, हामीले हाम्रो मण्डली १० प्रतिशतले बढेको देखेका छौं।" त्यो वृद्धिको प्रवृत्ति(वा प्रवाह)थियो। अनि मैले यो मण्डलीलाई सोधेँ, "आइतबार बिहान तपाईंको मण्डलीको सेवामा आउने कति मानिसहरू आइतबार बिहानबाहेक मण्डलीमा सहभागी हुन्छन्? विगत वर्ष त्यो संख्या ६० प्रतिशत थियो। यस वर्ष, त्यो संख्या २० प्रतिशत थियो।"

उनीहरूले धेरै मानिसहरू आएका देखे पनि सेवकाईमा संलग्नता, दर्शनसँग जोडिने कार्य, चेलापन अन्तर्गत पर्ने कुराहरू ६० प्रतिशतबाट घटेर २० प्रतिशतमा पुगेको थियो। तपाईंले आफ्नो सेवकाई र तपाईंको दर्शनका लागि अन्तिम सीमा रेखा, लक्ष्य के हो अनि सफलताको मानदण्ड के हो सो जान्नु महत्त्वपूर्ण छ।

तपाईंले त्यो जानकारीलाई सही रूपमा हेर्नुहुन्छ ताकि तपाईं यसो भन्न सक्नुहुन्छ, "हो, यी क्षेत्रहरूमा हामीले वृद्धि देखेका छौं। यी क्षेत्रहरूमा हामीले वृद्धि देखेका छैनौं।" जब तपाईं समय-समयमा त्यो वृद्धिको जाँच गर्नुहुन्छ, तब तपाईं बढदै गएका ती प्रवृत्तिहरू देख्नुहुन्छ। तपाईंले मूल्याङ्कन गर्ने एउटा क्षेत्र भनेको सफलताको क्षेत्र हो, तर त्यहाँ अरू पनि धेरै क्षेत्रहरू छन्। १ कोरिन्थी ९:२५ मा तिनले हामीलाई दोस्रो क्षेत्र दिएका छन्।

खेलहरूमा प्रतिस्पर्धा गर्ने सबै जनाले कडा प्रशिक्षण लिन्छन्। मलाई लाग्छ, तपाईंको सेवकाईको सफलताका लागि तपाईंले मूल्याङ्कन गर्न सक्ने सबैभन्दा महत्त्वपूर्ण क्षेत्रहरूमध्ये एउटा तपाईंसँग भएका अनुशासित अगुवाहरूको क्षेत्र हो। तिनीहरू कर्मचारी हुन सक्छन्, तिनीहरू स्वयंसेवक हुन सक्छन्।
तपाईंको झुण्ड कसरी बढेको छ? तिनीहरू कसरी अगाडि बढेका छन्? धेरै पटक हामी अन्तिम फल मात्र हेर्छौं। के त्यहाँ ठूला संख्याहरू थिए? के त्यहाँ ठूलो बजेट थियो? तर यस रूपकमा, हामी देख्छौं, "के तपाईंलाई थाहा छ? के हामी हाम्रा मानिसहरूको अनुशासन र विकासको मूल्याङ्कन गर्न सक्छौं? हाम्रा मानिसहरूलाई पावलले भनेका कडा प्रशिक्षणमा बढ्नबाट कुन कुराले रोकेको छ के हामी त्यो पहिचान गर्न सक्छौं?" यदि हामीले धेरै सफलता प्राप्त गर्ने एक झुण्ड र एक सेवकाई बन्ने हो भने हामी सबैले एकसाथ प्रशिक्षण लिनुपर्छ। तपाईंले त्यो नाप्नु गर्नुहोस्। तपाईंले केवल कार्यक्रमहरूको सफलता नाप्नुहुन्न। तपाईं आफ्नो सहकर्मीहरूको विकास नाप्नुहुन्छ। "म कसरी मेरा सहकर्मीहरूलाई निरन्तर विकासमा बढाउन सक्छु?" भनी बुझ्न यो एउटा महत्त्वपूर्ण तथ्याङ्क बन्छ।

यदि कार्यक्रमहरू सफल भए भने हामी सहकर्मीहरू स्वभावैले सफल छन् भनी सोच्छौं, तर जबसम्म तपाईंले तिनीहरूलाई व्यक्तिगत रूपमा नहेर्नु भएसम्म तिनीहरू कसरी विकास भएका छन् र तिनीहरू कसरी विकास हुनुपर्छ भन्ने कुरा तपाईं थाहा पाउनुहुनेछैन। यदि तपाईंले आफ्नो सेवकाई प्रभावकारी रूपमा नाप्ने हो भने, तपाईंले हेर्नुपर्ने त्यहाँ तेस्रो क्षेत्र छ, र यो कुरा पनि पद २५ मा पनि छ। यहाँ पावलले के लेख्छन्:

"तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं।"

पावल भन्छन्, “जब तपाईं सेवकाईमा गरिरहनुभएको हुन्छ र नेतृत्व गरिरहनुभएको हुन्छ, सेवा गरिरहनुभएको हुन्छ र काम गरिरहनुभएको हुन्छ, तपाईंले आफ्नो सेवकाईको प्रभावकारिता नाप्ने कामको एक भाग विरासत (उत्तराधिकार) पनि हो। हामी केवल आजको लागि मुकुट प्राप्त गर्नको लागि यो गरिरहेका छैनौं, जुन मुकुट नष्ट हुन्छ।”

हामी सधैंका लागि मुकुट प्राप्त गर्न यो गर्छौं, जुन मुकुट सधैंभरि रहनेछ। केही तरिकामा तपाईंको दर्शन यति ठूलो हुनुपर्छ, जुन तपाईं आफैले पूरा गर्न सक्नुहुन्न, र त्यसैले तपाईंलाई पछ्याउने एउटा विरासत हुनु आवश्यक छ। त्यसैले जब तपाईं आफ्नो सेवकाईको प्रभावकारिता नाप्नुहुन्छ। मानिलिऔं, तपाईं आफ्नो सेवकाईको वार्षिक समीक्षा गर्नुहुन्छ, त्यसमा तपाईं के हामीले विरासतका लागि जगहरू स्थापित गर्दैछौं भन्ने कुरा हेर्नुहुन्छ?

के यो पुनरुत्पादनकारी छ? हामीले जे गरिरहेका छौं के त्यो दिगो रहन्छ? यी व्यावहारिक रणनीतिक प्रश्नहरू हुन्, तर ती कुराहरूले प्रभावकारिता नाप्दछ, किनकि कहिलेकहीं सेवकाई धेरै छिटो बढिरहेको तपाईं देख्न सक्नुहुन्छ र त्यसमा धेरै ठूलो आनन्द हुन्छ, तर त्यसका जराहरू धेरै गहिरोसम्म गाडिएका हुँदैनन्।

अनि विरासतको कुनै सम्भावना हुँदैन। परमेश्वरले हामीलाई भनिरहनुभएको छ, कि हामीले जुनै सेवकाईको नेतृत्व गरिरहेको भए पनि हामीले उहाँको स्थायी घर निर्माण गर्नुपर्छ।

त्यसैले जब हामी आफ्नो सेवकाईको प्रभावकारिता नाप्छौं, निश्चय म कार्यक्रमहरूको सफलता नाप्छु, म सहकर्मीहरू र तिनीहरूको विकास नाप्छु, तर म विरासत र उत्तराधिकार भनिने कुराहरू पनि नाप्छु। अनि म के हामी आफूलाई स्वस्थ भविष्यका लागि स्थापित गरिरहेका छौं, वा हामी अझै पनि गत वर्ष भन्दा एक वर्ष पछि कमजोर भूमिमा छौं? भन्ने कुरा पनि नाप्छु।

तपाईंले आफ्नो सेवकाईमा मूल्याङ्कन गर्नुपर्ने चौथो क्षेत्र यहाँ छ। यो १ कोरिन्थी ९:२६ मा छ, पावल भन्छन्, “यसकारण लक्ष्य नराखी म दगुर्दिनँ।” अब तिनले यस रूपकमा यो भनिरहेका छन् कि के तपाईंसँग योजना छ, के तपाईंको तयारी राम्रो छ? के यो मिल्दोजुल्दो छ? म एक पटक एक जना पास्टरसँग कुरा गरिरहेको थिएँ र उनी आफूले धेरै फल प्राप्त गरेका कुरा गरिरहेका थिए र उनले भने, “हामीले यो बिल्कुलै आशा गरेका थिएनौं।” मैले भनें, “तपाईंहरूले किन यो आशा गर्नुभएन? के मिल्दोजुल्दो थिएन?” जब हामी आफ्नो सेवकाईको प्रभावकारिता नाप्छौं, हामी फलदायिता र सफलता नाप्छौं। हामी आफ्ना सहकर्मीहरूको पनि मूल्याङ्कन गर्छौं, हामी विरासतको मूल्याङ्कन गर्छौं, तर हामी समयको पनि मापन गर्छौं।

अनि के ती मिलेका छन्? किनकि यसले हामीलाई यस्तो स्थानमा राख्छ, जहाँबाट हामी भन्न सक्छौं, “सुन्नुहोस्, हाम्रो सेवकाईको प्रभावकारिता नाप्दा हामीलाई थाहा हुनुपर्छ कि हामीले यहाँ केही परिवर्तनहरू गर्नु आवश्यक हुन्छ। हामी वर्षौंभरि लक्ष्यविहीन भएर दौडिरहन चाहँदैनौं। हामी यस्ता परिवर्तनहरू गर्न चाहन्छौं, जसले हामीलाई भविष्यका लागि ठीक स्थानमा राख्छ।” तर यदि तपाईंले त्यो नाप्नुभएन भने त्यसो गर्नुहुनेछैन। यदि तपाईंले वृद्धिलाई संख्यात्मक रूपमा मात्र नाप्नुहुन्छ भने सेवकाईको समय, तपाईंको वरिपरिको संस्कृतिक मेल( पङ्क्तिबद्धता), त्यहाँ भएका मौकाहरूको पङ्क्तिबद्धतालाई नाप्नुहुन्न। एक अर्थमा, तपाईं हामी कतिसम्म राम्रो गरी पङ्क्तिबद्ध छौं भनी नापेर अगाडि हेरिरहनुभएको हुन्छ। कुनै शरीरका अंगहरू राम्ररी मिलेका छैनन्, जसको हात खुट्टाभन्दा धेरै लामो छ वा एउटा अंग अर्को अंगभन्दा धेरै ठूलो छ भने त्यो शरीरले राम्रोसँग काम गर्न सक्दैन। तपाईंको सेवकाई एउटा शरीर जस्तै हो र तपाईंले यी सबै भागहरू राम्ररी मिलाउनु पर्छ र तपाईं भन्नुहोला हाम्रो सेवकाईमा छ वा सात फरक विभागहरू छन्, तर यो मिलेको छैन। यी फस्टाएका छन्, यो फस्टाएको छैन।

जब हामी आफ्नो प्रभावकारिता नाप्छौं, हामी एकसाथ मिलेर यी ठूला सफलताहरू हासिल गरेका छौं भनी भन्न सक्छौं।

तर तपाईंले गहिरोसँग जाँच गर्नुपर्छ र विभिन्न भागहरूलाई साँच्चै एकसाथ मिलेका छन् कि छैनन् भनी हेर्नुपर्छ, किनकि त्यसो गर्नुभएन भने तपाईंका लागि चाँडै धेरै आउने कठिनाइ हुनेछ।

त्यसपछि पद २६ मा पनि हामीले मूल्याङ्कन गर्नुपर्ने अर्को क्षेत्र छ, जहाँ पावल भन्छन्, "हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ।" अब यो एउटा उपमा हो, जुन पावलले सफल हुन र परमेश्वरको राज्यका लागि सेवकाईमा तयार हुन र विजयी हुनका लागि प्रयोग गरिरहेका छन्, तर तिनले त्यहाँ युद्ध नै भए जस्तो गरी मुक्केबाजको उपमा प्रयोग गर्छन्।

म तपाईंलाई उत्साह दिन चाहन्छु, जब तपाईं आफ्नो सेवाको प्रभावकारिता नाप्नुहुन्छ र सफलता, सहकर्मीहरू, उत्तराधिकार (विरासत) देखि त्यो समयमा सबै विभागहरू मिलेका छन् कि छैनन् भनी हेर्नुहुन्छ त्यस बेला तपाईंले इमानदारीपूर्वक हेर्नुपर्ने अर्को क्षेत्र युद्ध हो।

प्रत्येक सेवकाई लडाइँमा हुन्छ। प्रत्येक सेवकाईले वर्षमा एक पटक प्रहारको सामना गर्नुपर्छ। अनि जब तपाईं आफ्नो आत्मिक युद्धको प्रभावकारिता नाप्ने समय निकाल्नुहुन्छ, के हामीले राम्रोसँग लडेका हुन्छौं?

के हामीले विश्वासको असल लडाइँ लड्यौं? यसले तपाईंलाई सेवकाईको एउटा आयाम (पक्ष) बुझ्न सहायता गर्नेछ, जुन धेरै महत्त्वपूर्ण छ र अगाडि बढ्नका लागि धेरै आवश्यक हुन्छ, किनकि लडाइँ कहिल्यै समाप्त हुँदैन।

कति पटक हामी लडाइँलाई एक प्रकारको अतिरिक्त विषय रूपमा हेर्छौं। हामी सफलताहरूलाई हेर्छौं, सायद हामी सहकर्मीहरूलाई हेर्छौं, तर यस उपमामा पावल भन्छन्, "सुन, त्यहाँ एक मुक्केबाज छ र हामी लक्ष्यहीन मुक्केबाजी गर्न चाहँदैनौं। हामी लक्ष्यहीन बनेर लड्न चाहँदैनौं। हामी जानाजानी वा उद्देश्यसहित लड्न चाहन्छौं।" त्यसैले तपाईंले समय निकाल्नुपर्छ र तपाईंको समग्र सेवकाईको दर्शनको भागको रूपमा तपाईं जुन लडाइँमा हुनुहुन्छ त्यसको पक्षको कुरा गर्दा तपाईंको सेवाको प्रभावकारिता नाप्नुपर्छ। १ कोरिन्थी ९:२७ मा हामीलाई दिइएको अझै अर्को एउटा क्षेत्र छ। यसले भन्छ, "म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र म यसलाई वशमा राख्तछु।"

पावल भनिरहेका छन्, "एक सेवकको रूपमा, परमेश्वरको एक सेवकको रूपमा म बुझ्छु, यदि म परमेश्वरको राज्यका लागि सफल हुन चाहन्छु भने, मैले बलिदान गर्नुपर्छ। म मेरो शरीरमा प्रहार गर्दछु। मैले बलिदान गर्नुपर्छ। म यसलाई वेदीमा राख्न इच्छुक हुनुपर्छ।"

यो त्यस्तो कुरा हो, जुन नाप्नु उपयोगी हुन्छ, तर यसलाई सही तरिकाले नाप्नुपर्छ। अनि सही प्रकारले नाप्नु पर्ने कारण यस्तो छ। हामीले हाम्रो बलिदानलाई हामी कति धेरै आत्मिक छौं भनेर वर्णन गर्ने रूपमा नाप्नुहुँदैन।

सबैलाई बलिदान गर्न बोलाइएको छ। येशूले भन्नुभयो,"आफ्नो क्रूस उठाएर मेरो पछि लाग।"

जब तपाईंले तपाईंको बलिदान त्यो क्रूस हो जुन बोकेर येशूले उहाँलाई पछ्याउन भन्नुभएको छ भनी जान्नुहुन्छ, तपाईंले त्यो बलिदानमा क्रूसद्वारा आउने अनुग्रह थाहा पाउनुहुनेछ। तपाईंले आफैलाई महान् सोच्नुहोस् भनेर तपाईंले गरिरहनुभएको बलिदानलाई नाप्ने प्रोत्साहित दिएको होइन, तर जब तपाईं बलिदानलाई नाप्नुहुन्छ, तब हामीले कति बलिदान गर्‍यौं भनी जान्नलाई हो। परमेश्वरले तपाईंलाई कसरी बलिदान गर्न भन्नुभयो? के बलिदान गरियो? त्यो बलिदानमा तपाईंले भविष्यका लागि अझ ठूलो अनुग्रह पाउनुहुनेछ।

हामी बलिदान कम नै नाप्ने गर्छौं। अनि यदि हामीले त्यसो गर्‍यौं, यो गाह्रो हुन्छ। यो पीडादायी हुन्छ। यो कठिन हुन्छ।
हामी हाम्रा झुण्डहरूलाई उनीहरूको बलिदान नाप्न लाउँदैनौं। तिनीहरूलाई अझ धेरै बलिदान गराउनका लागि बलिदान ननाप्नुहोस्। कुनै प्रकारको दोष लाउन, आत्मिक घमण्ड गर्न बलिदान ननाप्नुहोस्। तर हामी सबैले क्रूस बोक्नुपर्ने बाइबलीय सिद्धान्त छ अनि त्यो क्रूसमा अनुग्रह छ भनी जान्नुहोस्।

अनि हामी बलिदान गर्नेछौं, तर कुन बलिदान? "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लेओ,किनकि मेरो जुवा हलुको छ।" त्यो बलिदान त्यति कठिन हुनु आवश्यक छैन। त्यो बलिदानमा रहेको अनुग्रह पाउनका लागि यसलाई पहिचान गर्न आवश्यक छ।

अनि तपाईंले यसलाई नापेर यसको पहिचान गर्नुहुन्छ। तपाईंले यसलाई हेर्नुहुन्छ। हामीले कसरी बलिदान गर्नुपर्ने थियो? हामीले कहाँनेर यो राम्रो गर्‍यौं? कहाँनेर राम्रो गरेनौं? बलिदान गरिरहनका निम्ति हामी कसरी अझ धेरै अनुग्रह पत्ता लगाउन सक्छौं? अनि हामी आफ्नो हृदयको मूल्याङ्कन गर्छौं। अरू क्षेत्रमा हामी आफ्नो योजना र हाम्रा सीपको मूल्याङ्कन गर्दछौं। यसमा हामी वास्तवमा हाम्रो हृदयको मूल्याङ्कन गरिरहेका हुन्छौं।

के मलाई बलिदान गर्न सक्षम बनाउन त्यहाँ परमेश्वरको अनुग्रह छ?

त्यसपछि त्यहाँ अझै अर्को एउटा क्षेत्र छ, र यो १ कोरिन्थी ९:२७ मा छ, जहाँ पावल भन्छन्, "अरूलाई प्रचार गरेपछि म आफैचाहिँ पुरस्कारका निम्ति अयोग्य ठहरिनेछैनँ।"

त्यो इमानदारी हो। पावल भन्छन्, "म अयोग्य हुन चाहन्नँ। म इमानदारीसाथ यो दौड दौडन चाहन्छु।" जब हामी हाम्रो सेवकाईको प्रभावकारिता नाप्ने कुरा गर्छौं, त्यस बेला हामी केवल परिणामहरू मात्र नाप्न सक्दैनौं। हामीले त्यो प्रक्रिया नाप्नुपर्छ।

परमेश्वरले अचम्मका कार्यहरू गर्नुभयो, तर के हामीले इमानदारीसाथ नेतृत्व गर्‍यौं? के हामीले इमानदारीसाथ सेवा गर्‍यौं? ख्रीष्टको शरीरमा हुनुपर्ने एकता सम्बन्धी बाइबलीय सत्यहरूमध्ये केही हामी को थियौं भन्ने कुराको भाग थियो? के हामी त्यहाँ रहेको इमानदारिताको नाप गर्न सक्छौं, किनकि त्यही बिन्दुमा नै हो हामी वास्तवमा हाम्रो विश्वासको नाप गर्न सक्छौं?

हामीले कस्तो प्रकारको मूल्याङ्कन गर्‍यौं भने परमेश्वरको महिमा हुन्छ? त्यसैले यस खण्डमा, तपाईंसँग सेवकाईका लागि यी विभिन्न प्रकारका मापनहरू छन्। सुन्नुहोस्, पावल के भन्छन्,

"वृद्धि, सफलतालाई पहिल्याउनुहोस्।" हो, यसलाई पहिल्याउनुहोस्, तर तपाईंले सही कुराहरू हेर्दै हुनुहुन्छ भनी निश्चित गर्नुहोस्, जसले भन्नेछ, "हामी सफल थियौं वा हामी सफल भएनौं।"

कर्मचारीहरू, अगुवाहरूलाई नाप्नुहोस्।

के तिनीहरू बढेका छन्? तिनीहरूले जे गरिरहेका छन् के त्यसमा तिनीहरू अझ बढी अनुशासित छन्?

दिगोपन, उत्तराधिकार(वा सम्पदा) सधैंभरि रहिरहने मुकुट, र त्यसका लागि उचित ठाउँमा रहेका जगहरू नाप्नुहोस्। प्रभावकारिताका लागि पनि त्यो नाप्नुहोस्। सबै विभागहरूको समय र पङ्क्तिबद्धता नाप्नुहोस्, ताकि यदि आवश्यक परेमा तपाईंले त्यसलाई परिवर्तन गर्न सक्नुहोस् र तपाईं त्यसरी प्रभावकारिता नापिरहनुभएको हुन्छ। तपाईंको हृदय र तपाईंको विश्वासको प्रभावकारिता नाप्नुहोस्।

के तपाईंले बलिदान गर्दा त्यहाँ कुनै अनुग्रह छ? अनि तपाईंले जुन इमानदारीसित सेवा गर्नुहुन्छ त्यो इमानदारी नाप्नुहोस्। जब तपाईं आफ्नो सेवकाईको प्रभावकारिता नाप्न गर्न यी सबै फरक-फरक भागहरूलाई एकसाथ राख्नुहुन्छ, तपाईं परमेश्वरको भलाइको सम्पूर्ण तस्वीर प्राप्त गर्नुहुन्छ, तर तपाईंले अगाडि बढ्ने बाटोको सम्पूर्ण तस्वीर पनि प्राप्त गर्नुहुन्छ। अब, यो काम गर्न समय लाग्छ। यसका निम्ति केही परिश्रम गर्नुपर्छ। यो धेरै विस्तृत हुनुपर्दैन। तर तपाईं र तपाईंको झुण्ड एक वा दुई दिनसम्म बसेर यसो भन्न सक्नुहुन्छ, "परमेश्वरले विगत वर्ष वा पछिल्लो छ महिनामा के गर्नुभएको छ सो इमानदारीपूर्वक हेरौं, तर जब हामी त्यो हेर्छौं, यो केवल एक पक्षीय छैन भनेर सुनिश्चित गरौं।"

तर यसले यी सबै क्षेत्रहरूलाई समेट्छ। जब हामी आफ्नो सेवकाईको प्रभावकारिता नाप्छौं, परमेश्वरको आत्माले त्यो विनम्र कार्य लिनुहुनेछ र हाम्रो सेवकाईको वृद्धि र निर्माणको अर्को समयको लागि स्पष्ट संकेत दिनुहुनेछ।